# राष्ट्र, राष्ट्रियता र जातीय तथा भाषा समस्या

– तुल्सीलाल अमात्य

वि. सं. २०४५ कात्तिक १९ गतेको "समीक्षा" साप्ताहिकमा यस पत्रिकाको विभागको रूपमा काम गर्ने श्री मदनमणी दिक्षित भन्नुहुन्छ, 'नेपालका मैथिली, भोजपुरी, नेवार, मगराती, गुरुङ, किराँती, थारू इत्यादि भाषाहरू नेपाली होइनन् ।' जब तिनीहरूले बोलेको भाषा नेपाली होइन भने नेपालका ती जातिहरू कोई पनि नेपाली होइनन् । ती जातिहरूलाई नेपाली भन्ने र तिनीहरूको भाषालाई नेपाली भन्ने सबै जना मालुमुत्ते हुने भन्ने श्री मदनमणीजीको भनाई छ । उहाँले बोल्ने भाषा मात्र नेपाली भाषा, उहाँको नाता कुटुम्ब मात्र नेपाली हो भन्ने उहाँको समक्षदारी रहेछ ।

श्री मदनमणीजीको यस भनाईले उहाँको संकुचित, सामन्ती तथा साम्प्रदायक विचारलाई नै प्रतिनिधित्व गर्दैछ । राणाकालमा १९९६ तिर त्रि-चन्द्र कलेजको विद्यार्थी छँदा मैले एउटा फारम भर्न आफूलाई "नेपाली" लेखेँ तहीँ राणाशाहीको सेवक एउटा तथा कथित पण्डितले रिसाएर सोधे "हामी नेपाली कि तिमी नेपाली ?"

मैले भने हामी सबै नेपाली । मेरो विचारमा नेपालमा बसोबास गरेका सम्पूर्ण जनता हिन्दू होस् या मुसलमान अथवा ईसाई होस् वा बौद्ध मतावलम्बी सबै नेपाली हुन् र यस्तै नेपालका सम्पूर्ण जातिहरू तामाङ, गुरुङ, मगर, राई, लिम्बु, मैथिली, भोजपुरी इत्यादि तराईबासी सम्पूर्ण जातिहरू थारू, घिमाल, दनवार इत्यादि तराईबासी सम्पूर्ण जातिहरू थारू, दनवार र नेपालको विभिन्न इलाकामा बस्ने नेवार जातिहरू सबै नेपाली हुन् । नेपाल एउटा सिङ्गो देश हो, यहाँ बस्ने सबै नेपाली हुन् र उनीहरूले बोल्ने भाषा सबै नेपाली हुन् तसर्थ नेपाली भन्नाले एउटै जात अथवा एउटै भाषालाई मात्र सीमित गरी मान्नु हाम्रो देशमा राष्ट्रियताको निर्माणमा नै घाटक सिद्ध हुने सिद्धान्त हो । अरूलाई ठेच मीच गरी राख्नु, अरू जाति र भाषालाई उठ्न नदिनु सामन्ती मनोवृत्तिको घोतक हो । आफू कुशल त जगत कुशल । सामन्तहरू आफ्नो जातिमा पनि सबै माथी दया माया गर्ने होइन, मानवोचित हक अधिकार दिने होइन । सामन्तहरूको आफ्नो स्वार्थ रक्षा हुनु पर्छ आफ्नै जातको मजदूर किसान र अन्य मदनकश जनता जेसुकै होस् खास मतलब छैन । अनि अरू जातिहरूको वास्ता गर्ने उनीहरूको पनि विकास हुनु पर्छ भन्ने भावना ती सामन्तहरूले स्वप्नमा पनि सोच्न सक्दैनन् । सामन्तहरूले आफ्नै भाषा माथी पनि सामन्ती स्वार्थ, अथवा पूँजीवादी स्वार्थमा धक्का पुग्ने देखि पछि, रोक लगाउन जाई लाग्दछ । जब उही भाषामा आफ्नै जातको मजदूर, किताब तथा अन्य मेहनतकश जनताको समस्याहरू उठाउन थालिन्छ, यस भाषामा लेख्न बोल्न थालिन्छ, सभा संगठन गर्न थालिन्छ, नारा दिन थालिन्छ, सामन्तहरूले आफ्नै भाषालाई पनि दबाउन थाल्छन्, लेख्ने बोल्नेहरू माथी मुद्दा चलाउन थाल्छन्, पक्राउ गरी जेल पठाउन थाल्छन् । जब आफ्नै भाषा माथी यस्तो दमन

सामन्तहरूले गर्छन् भने अरू भाषाहरूको र अरू जातिहरूको विकास गर्नु पर्छ भन्ने बारे सामन्तहरूको दिमागमा पस्ने पनि कसरी ?

श्री मदनमणीजीले अरू भाषा भाषी, जातिहरू र उनीहरूको भाषाहरूको पनि समान विकास हुनु पर्छ भन्ने कुरोको विरोध गरी, त्यो पनि बिना विश्लेषण, गाली गलौजमा उत्रने काम गरी, आफूमा लुकेको संकुचित सामन्ती चरित्रलाई नै उदाङ्ग पार्नु भएको छ ।

मार्क्सवादमा विश्वास राख्नेहरू कुनै जातिले कुनै जातिलाई दबाओस् भन्ने चाहँदैन, यसै कारण कुनै भाषाले कुनै भाषालाई दबाओस् भन्ने चाहँदैन । कुनै व्यक्तिले कुन व्यक्तिलाई दबाओस् भन्ने पनि चाहँदैन । यी कुराहरू आजकल मदनमणीजीको दिमागमा अटाउँदैन । र मदनमणीजीको मतअनुसार नेपाली भन्ने नेपालको एक खास जाति मात्र हो र नेपाली भाषा भनेको पनि नेपालमा बोलिने सबै भाषाहरू नभएर एउटै खास भाषा मात्र नेपाली भाषा हो ।

मदनमणीजीलाई याद हुनुपर्ने, आज जुन भाषालाई “नेपाली भाषा” भनिएको छ, त्यसको पहिलेको नाउँ “गोर्खा भाषा” हो । र यस भाषाको प्रचार गर्न राणाहरूले एउटा “गोर्खा भाषा प्रकाशिनी समिति” को अफिस घण्टाघर मुनि खोलिराखेको थियो । आजसम्म नेपाली भाषामा निक्लने सरकारी अखबारको नाउँ “गोर्खा पत्र” रहेर आएको छ । १९४२ सालमा मात्र श्री गुरुराज हेमराज पण्डितज्यूले यस भाषाको व्याकरण लेखी यसको नाउँ “गोर्खा भाषा व्याकरण” राखी प्रकाशन गरेको छ । त्यसकारण जस्तो नेवार भाषा, मगराती भाषा, थारू भाषा, तामाङ भाषाहरू हुन् त्यस्तै गोर्खाली भाषा पनि नेपालको विभिन्न भाषाहरू मध्येको एउटा भाषा हो । यसले आफ्नो नाउँ बद्लेर नेपाली भाषा राख्यो, यसमा मेरो विरोध छैन कारण यो पनि नेपालकै एउटा भाषा हो, त्यसकारण यसले पनि आफूलाई नेपाली भाषा भन्ने हक छ, तर अरू सबै भाषाहरूलाई मालुमुत्ते भनी एउटै भाषा नेपाली भाषा र एउटै जाति नेपाली जाति अनि अरू सबै जातिहरू मालुमुत्ते हुन् भन्ने कुराको म सख्त विरोधी छु ।

म नेपाली भाषालाई अवहेलना गर्दिन, आदर गर्छु, साथी म अन्य भाषाहरूलाई पनि उत्तिकै आदरको दृष्टिले हेर्छु, कारण ती भाषा भाषीहरूको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक इत्यादिको सर्वतीमुखी विकासको निमित्त उनीहरूको भाषाको पनि विकास गर्नु उत्तिकै जरुरत छ, कारण भाषा नै ज्ञानको मार्ग हो र यी विभिन्न जातिहरूको सबैले नेपाली भाषा जान्दैनन् । स्कूल जानेहरू र बजार नजिककाहरूले जाने पनि पहाड तथा तराईको गाउँ क्षेत्रमा बसोबास गर्ने विभिन्न जातिहरू मात्र होइन पाटन, भक्तपुर र काठमाडौं जस्तो शहर बासीहरू पनि मूल बजार भन्दा टाढा टोलहरूमा बस्ने धेरै जसो जनताले पनि आफ्नो भाषामा जुन कुरो छिटो बुझ्दैनन् र उनीहरूको छिटो विकासको निम्ति उनीहरूको भाषाको

पनि विकास गर्नु जरुरी छ । तराईमा गएर त्यहाँका किसानहरूलाई नेपालीमा बोलेर काम चल्दैन, उनीहरूकै स्थानीय भाषामा बोल्न कर लाग्छ, होइन भने सजिलो हिन्दीमा बोल्न कर लाग्छ । शहर बजारहरूमा नेपाली भाषाले सम्पर्क भाषाको काम गरे पनि बजारबाट अलि हटेर काठमाडौंकै टोलमा बोल्नु पर्‍यो भने स्थानीय भाषामा बोल्न कर लाग्छ । यही नियम पहाड र तराईमा पनि लागू हुन्छ । यसकारण यस भाषाले राष्ट्रियस्तरमा सम्पर्क भाषाको मान्यता पाउन अझै धेरै कसरत गर्न बाँकी नै छ ।

विभिन्न जातिहरूको छिटो विकासको निमित्त उनीहरूको केटाकेहीहरूले आफ्नो भाषामा पढ्ने-पढाउने पनि उत्तिकै जरुरत छ, आफ्नो भाषामा अदा-अदालतमा बोल्ने हक पनि उत्तिकै जरुरत छ । मार्क्सवाद लेनिनवादले हामीलाई सबै भाषा बराबर हुन् भन्ने सिकाएको छ । सोभियत संघले ४५ घर मात्र भएको जातिको पनि साहित्यहरूको विकास गरी, अक्षर नभएका जातिहरूलाई अक्षर समेत बनाएर उनीहरूको विकासमा मद्दत गरेको छ भन्ने कुरो एउटा कम्युनिष्टले अर्को कम्युनिष्टलाई भनी रहनु पर्ने कुरो होइन ।

विभिन्न भाषा र जातिको समान विकासमा जोड दिनु नेपालको सन्दर्भमा नेपाली भाषाको विरोध होइन, न त अवहेलना गर्नु हो, यो हाम्रो देशको छिटो विकासको निमित्त जरुरी कुरो हो । म नेपाली भाषा भाषी जनता र नेपाली भाषालाई उत्तिकै आदर गर्छु, तर अरू भाषा र जातिहरूलाई अवहेलना गरेर होइन । नेपाल बाहिर भारत बस्दा नेपालको विभिन्न जातिहरूसँग सम्पर्क हुन्छ, साथी बनिन्छ, हामी सबैले सबै जातिको मानिसलाई नेपाली नै भन्ने गर्छौं र उनीहरू सबै नेपाली हुन् भन्ने नै भावना हुन्छ । शहर बजारमा झैं बाहिर विदेशमा पनि भाषाको प्रश्नमा समस्या उत्पन्न हुँदैन । तर गाउँ, पहाड, तराई र नेपालको शहरी क्षेत्रको बजार भन्दा भित्रको टोलहरूमा नेपाली नबुझ्ने जनजाति धेरै हुन्छन् र उनीहरूको आ-आफ्नो भाषामा नै बोल्नु पर्ने हुन्छ, सम्झाउन पर्ने हुन्छ । अस्ति गोडे हलको भाषणमा एउटा तराईबासी साथीले भने, मैले ४ क्लाससम्म केही नबुझिकन खाली कण्ठ गरेर पास गरें । के तराईबासी जनताको निमित्त यस्तै अरू भाषा भाषी जनताको केटा केटीको निम्ति पनि यो एउटा समस्या होइन ? उहाँले अर्को एउटा सवाल पनि उठाउनु भयो र भन्नु भयो तराईबासीहरूले कतिपय कुरोहरू गोरखपुरको रेडियोबाट सिक्नु पर्छ कारण यो कुरोहरू नेपाल रेडियोबाट सिक्न सक्दैन, कारण नेपाल रेडियोले तराई भाषामा कुनै कुरो दिंदैन । यस्तै समस्या अरू भाषा भाषीहरूको पनि छ । आज यस पञ्चायत व्यवस्थाअन्तर्गत नेपाल भाषा भाषीले आफूले बुझ्ने खबर सुन्नु पर्‍यो भने नेपाल रेडियोबाट होइन, श्रीलंकाको रेडियो सुन्नु पर्ने भएको छ । मदनमणीजीलाई सायद यसमा पनि विरोध होला जहाँसम्म राष्ट्र भाषाको सवाल छ, कम्युनिष्टहरूले कुनै भाषालाई राष्ट्र भाषा नमानी सम्पर्क भाषाकै संज्ञा दिएर आएको छ । सोभियत संघमा पहिलो स्थान आफ्नो भाषालाई दिएको छ, अनि रुसी भाषालाई सम्पर्क भाषाको रूपमा दोश्रो स्थान दिएको छ । स्वीट्जरल्याण्डको कुरा गर्ने हो भने त्यहाँ ३ वटा भाषाहरूलाई समान महत्व दिएर आएको

छ । तिनीहरू मध्ये कसैले कसैलाई दबाउने प्रयास हुँदैन । अन्य भाषाहरूलाई दबाएर एउटै सरकारी भाषामा मात्र जोड दिँदा यस्तो सरकारी भाषाप्रति विभिन्न जातिहरू नाखुस हुनु स्वाभाविक हो र यसैकारण कतिपय जातिले नेपाली भाषालाई सम्पर्क भाषा पनि मानिरहेको छैन । उनीहरूले नमान्यो भन्दैमा उनीहरूलाई मालुमुत्ते भन्ने अधिकार मदनमणीजीलाई कदापि हुन सक्दैन । “मान नमान म तेरो मेरो मेहमान । (पाहुना)” भने जस्तै माने पनि नमाने पनि सरकारी भाषानै सम्पर्क भाषा अथवा राष्ट्र भाषा होस् भनेर लाद्ने कसैलाई अधिकार हुन सक्दैन । मैले बुझेसम्म विभिन्न जातिहरूलाई यस कुरोमा आपत्ति छ । सबै भाषा भाषीहरूले समान अधिकार पाएपछि नै सम्पर्क भाषाको सवाल जनजीवनको विभिन्न सम्पर्कको क्रममा टुंगिनेछ, सम्पर्क भाषा उम्रेर आउनेछ अथवा स्वीट्जरल्याण्डमा जस्तो २-३ वटा भाषाहरू पनि समान स्तरमा मिलेर देशलाई अगाडि बढाउनेछ । विभिन्न जातिहरूको खुसी राजीले सम्पर्क भाषा उम्रेर आउनेछ, ठेच मीच गरी दबाएर अथवा अरू माथी लादेर होइन ।

आज सबैले सबै भाषाको विकासमा जोड दिनु परेको छ । आफ्नो भाषा बाहेक अरू पनि एक दुई भाषा सिकेर आपसमा सहृदयता बढाउनु परेको छ । एक दुई भाषा बढी सिकेर कुनै नोक्सान छैन । आफ्नै ज्ञानको भण्डार बढ्ने हो र चाहेको खण्डमा कुनै पनि भाषा एक महिनामा सिकेर लिन सकिन्छ । नेपालले अझैं एउटा राष्ट्रको रूपमा उठाउन नसकेको कुरा गर्दा पनि मदनमणीजीलाई उत्तिकै रिस उठेको छ ।

राष्ट्रियताको निर्माण पनि आपसी सद्भावनाले नै विकास भएर आउने छ, एकले अर्कामाथी शोषण, दमन गरेर होइन । जसरी परिवार भन्नाले त्यस इकाई भित्र एकले अर्कालाई दमन र शोषण गर्ने सवाल आउँदैन, उस्तै राष्ट्र भन्नाले एउटा राष्ट्रभित्र एक जाति वा वर्गले अन्य कुनै जाति, वर्ग वा वर्गहरू माथी शोषण दमन गर्ने सवाल हुन सक्दैन । सामन्तहरू सामन्ती स्वार्थ रक्षा भएपछि राष्ट्रवाद भयो र आफ्नो वर्गीय स्वार्थ रक्षा गर्ने शासन भएपछि त्यो देश राष्ट्र भयो भन्ने गर्छन् । सामन्ती विचारधाराले ओत प्रोत भएको मदनमणीजीलाई सामन्ती अधिनायकवादले थिचिएको यो नेपाल राष्ट्र बनिसकेको छ । पूँजीपति वर्ग पनि आफ्नो राज कायम भएर पूँजीवादको रक्षा भएपछि त्यो देश राष्ट्र भयो भन्ने गर्छन् र पूँजी पति वर्गलाई आर्थिक संकट परेपछि राष्ट्रिय संकट भयो भन्छन् । मजदूर वर्ग तथा मेहनतकश जनताले देशलाई त्यसबेला राष्ट्र बन्यो भन्ने छन् जब उनीहरू माथीको शोषण दमन हटेर उनीहरू सबैले समान अधिकार पाउने छन् जब विभिन्न जाति र भाषाहरू माथीको शोषण दमन खतम भएर सबै जातिका जनता आफ्नो देशको राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा आफैं मालिक बन्नेछन् र देशको उत्तरोत्तर विकास गरी यस विकासको फल समान रूपले सबैले भोग गर्न पाउने छन् । तर मदनमणीजी मजदूर वर्ग तथा मेहनतकश जनता तथा पिछडिएको जनताको समस्याहरूलाई अगाडि ल्याउनेहरूलाई मालुमुत्ते भन्ने संज्ञा दिन पुग्नु हुन्छ र गाली गलौजमा उत्रनु हुन्छ ।

मदनमणीजीको टिप्पणीमा हाम्रो विरोध छैन आफूलाई चित्त नबुझेकोमा टिप्पणी लेख्ने र आलोचनात्मक रूपले विरोध गर्ने हक सबैलाई छ, तर गाली गलौज गरेर होइन । गाली गलौज स्वयम् स्वस्थ आलोचना होइन । पहिले त उहाँ पनि कम्युनिष्ट पार्टीकै हुनु हुन्थ्यो । आजकल उहाँ मार्क्सवादलाई कहाँसम्म मान्नु हुन्छ भन्न सकिन्न । यदि उहाँलाई मार्क्स माथी अझै आस्था छ भने मार्क्सले सिकाएको कुरो हो चित्त नबुझेको कुरोमा सत्य र तथ्यको आधारमा वैज्ञानिक विश्लेषण गरेर खण्डन-मण्डन गरेर सही निचोड अगाडि राखि दिने ताकि मानिसहरूले अझै स्पष्ट भएर सही कुरा थम्याउन सकुन् तर श्री मदनमणीजीलाई यो कुरो मञ्जुर भएन र मालुमुत्ते जस्ता अपशब्दहरू प्रयोग गर्न पुग्नु भयो अनि अगति दुर्गतिको कुरो गर्न पुग्नु भयो । यो कुरो सैद्धान्तिक प्रगतिको लक्षण नभई सैद्धान्तिक पतनको लक्षण मात्र हो भन्ने कुरोको कुनै शंका छैन ।

आ हामी सबैको अगाडि विभिन्न जातिको फूलबारी यस नेपालमा विभिन्न जातिहरू माथी भइरहेको शोषण दमन र ठेच मीच खतम गरी ती जातिहरू र उनीहरूको भाषालाई कसरी विकास गर्ने भन्ने प्रश्न छ । यस प्रश्नको समाधान खोज्नु सबैको कर्तव्य हो र कसैलाई गाली गरेर र होच्याएर यो समस्या समाधान हुन सक्ने छैन, दृढताका साथ देश र जनताप्रति बफादार भएर बिना पूर्वाग्रह कुन कुरो ठीक कुन कुरो बेठिक भन्ने थम्याएर नै हाम्रो देशको जातीय तथा भाषाको समस्या समाधान भएर नेपालको सम्पूर्ण जनता एक जिउ एक प्राण भएर एक बलियो राष्ट्रवादको निर्माण भएर आउने छ र अनि गएर नै नेपालले सही मानेमा एउटा सिङ्गो राष्ट्रको रूप लिने छ ।